3rd Global NRN Conference

# संगठनात्मक संरचनामा परिवर्तन



दोस्रो दिनको सम्मेलनमा सहभागी एनआरएनहरु।

गैर आवासीय नेपालीहरुको तेस्रो विश्व सम्मेलनको दोस्रो दिनको बैठकले संघको संगठनात्मक संरचनामा परिवर्तन गर्ने निर्णय गरेको छ। संघलाई चुस्त बनाउन र नेतृत्व क्षमता विकासका लागि संगठनात्मक संरचनामा परिमार्जन गरिएको हो।

संघको परिवर्तित संरचनाअनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद्मा एक अध्यक्ष र दुई उपाध्यक्ष रहने व्यवस्था गरिएको छ। अन्तर्राष्ट्रिय गतिविधिहरुमा सहभागी हुन सक्ने गरी दुई जना उपाध्यक्षहरु तोकिएको हो। विगतमा उपाध्यक्षको कार्यभार र जिम्मेवारी क्षेत्रीयस्तरमा मात्र रहेको थियो।

संघको नयाँ संरचनामा एसिया प्रशान्त, युरोप, मध्यपूर्व, उत्तर-दक्षिण अमेरिका, अफ्रिका तथा ओशेनिया क्षेत्रबाट एक-एक जना क्षेत्रीय संयोजकहरु रहने व्यवस्था गरिएको छ। यस्तै एक-एक जना महासचिव, सचिव र कोषाध्यक्षको पनि व्यवस्था गरिएको छ। नयाँ पदहरुको सिर्जनासँगै काठमाडौंमा रहने संघको सचिवालयलाई समेत मजबूत बनाउने सहमति भएको छ।

संघको कार्यसमितिमा हरेक मुलुकमा रहेका राष्ट्रिय समन्वय परिषद (एनसीसी) हरुबाट एक जनाले प्रतिनिधित्व गर्नेछन्। एक हजारभन्दा बढी सदस्य भएका एनसीसीहरुबाट थप एकजनाले कार्यसमितिमा प्रतिनिधित्व गर्नेछन्। यसबाहेक थप १५ जनालाई कार्यसमितिले मनोनित गर्नेछ। संघको परिवर्तित संरचनामा कार्यसमिति बन्ने तय भएको छ। सहभागीहरुबीचको व्यापक छलफलपछि नेतृत्वको जिम्मेवारी विकेन्द्रित गर्न र उद्देश्यअनुसार काम गर्न सहज वातावरण बनाउनका लागि विधानमा संशोधन गरिएको छ।

छलफलले एनआरएन ऐनमा गैरआवासीय नेपालीको परिभाषामा सुधार्न सरकारसँग आग्रह गर्ने निर्णय गरेको छ। विद्यमान ऐनले विद्यार्थी कामदारको रुपमा विदेशिने नेपालीलाई नसमेटेको हुँदा सुधार गर्नुपर्ने निर्णय भएको हो। गैरआवासीय नेपालीको मान्यता पाउन दुई वर्ष विदेशमा बिताएको हुनुपर्ने ऐनमा व्यवस्था छ।

बैठकका सहभागीहरुले यसमा परिवर्तन गरी १८३ दिन विदेशमा बस्नेलाई एनआरएन मानिनुपर्ने सुझाव दिएका छन्। सहभागीहरुबाट संकलित सुझावहरु तेस्रो सम्मेलनले जारी गर्ने काठमाडौं घोषणापत्रमा समेटिने बुझिएको छ। बैठकमा सहभागीहरुबीच आगामी नेतृत्वको बारेमा पनि छलफल भएको थियो। सर्वसम्मत नेतृत्व चयनका लागि अधिकांश सहभागीहरुको सुझाव थियो। सम्मेलनको अन्तिम दिन बुधवार नयाँ नेतृत्वले जिम्मेवारी सम्हाल्ने छ। ♦

- परिषद्मा दुई जना उपाध्यक्ष
- क्षेत्रीय संयोजकको व्यवस्था
- कार्यसमितिमा प्रत्येक देशबाट प्रतिनिधित्व
- विकेन्द्रीकरण मूल उद्देश्य
- १८३ दिन विदेशमा बस्नेलाई एनआरएन मानिनुपर्ने सुझाव

**सम्मेलनको दोस्रो दिन**

# Persuasion for Development

The second day of third global Non- Resident Nepali (NRN) conference came up with a slew of amendments in its constitution, and discussed over how to woo NRN women, and youth in fostering the economic development.

The participants also dwelled on finding out ways to deepen, enhance cooperation between NRNs and the Nepalese business community.

Stressing that all Nepali staying abroad over 183 days are declared as NRN, they suggested that the government change the NRN Act.

Speaking at the session on 'Role of Global Nepali Women', Chitra Lekha Yadav, Deputy Speaker underscored the need to ensure equal participation of women in development activities. "NRN women must help in education in this country where 80 percent children in rural areas are devoid of access to education," she said.




Pramila Rijal, vice-president of Federation of Women Entrepreneurs Association Nepal proposed the NRN women to set up a strong forum intended at seeking market for goods produced by Nepali women.

Arjun Bhandari, joint secretary at the Ministry of Education said the government will support all NRNs programs targeted at promoting education, sports and youth.

On tourism, participant said because of stringent travel advisories issued by various countries, several tourists have adopted cautious and hesitation to make trips to Nepal.

Some said the NRNs should involve in airline business so that air accessibility problem will be eased.

Minister for Culture, Tourism and Civil Aviation Prithivi Subba Gurung said as NRNs are informal ambassadors of the country, they should work towards improving Nepal's image in the eyes of foreign travelers.

Referring to the crucial role played by the remittance, the delegates said their expertise and skill would be equally important instruments in bolstering the economy.

In order to lure away the NRN investment, Bhim Udas, coordinator of International Coordination Council said the government should speed up the process of reforms. Dr Upendra Mahato, president of NRNA said NRNs are working out to evolve NRNs as people's ambassadors.

The amendment in the constitution creates two vice-presidents in its executive committee. ♦

## भित्र


- डिसेम्बरसम्म नियमावली आउने
- बृद्धाश्रमलाई सहयोगको ओइरो
- परिवर्तन आफैबाट शुरु गरौ


सम्पादन/प्रकाशन
तेस्रो गैरआवसीय नेपाली विश्व सम्मेलनका लागि नेपाल आर्थिक पत्रकार समाज (सेजन) द्वारा सम्पादित/प्रकाशित।

# डिसेम्बरसम्म नियमावली आउने

सरकारले आगामी डिसेम्बरभित्र गैरआवासीय नेपालीसम्बन्धी नियमावली ल्याउने प्रतिवद्धता दोहोऱ्याएको छ। ऐन कार्यान्वयनमा ल्याउन सम्मेलनका सहभागीहरुले सरकारको ध्यानाकर्षण गराएपछि परराष्ट्र सचिव ज्ञानचन्द्र आचार्यले उक्त प्रतिवद्धता दोहोऱ्याउनु भएको हो।

नेपाल बाहिर बसेका नेपालीहरुले गैरआवासीय नेपालीसम्बन्धी ऐनमा गैरआवासीय नेपालीको परिभाषा सान्दर्भिक नभएको अवाज उठाइरहँदा सरकारले भने तत्काल ऐन संशोधन गर्न नसकिने बताएको छ। गैरआवासीय नेपालीहरुको परिभाषामा दुई वर्ष नेपाल बाहिर बसेको भन्ने परिभाषालाई परिवर्तन गरी १८२ दिनभन्दा बढी नेपाल बाहिर बसेका नेपालीलाई गैरआवासीय नेपाली भनिनुपर्ने माग गरिरहँदा परराष्ट्र सचिव आचार्यले ऐन दुई वर्षसम्म लागू हुने भएकोले नियमावलीमा परिभाषालाई नै परिवर्तन भने गर्न नसकिने बताउनुभयो। ऐनका आगामी संशोधनमा एनआरएनका मागलाई सम्बोधन गरिने आश्वासन उहाँले दिनुभयो।

विद्यार्थीहरुमध्ये कतिपय विद्यार्थीहरु सरकारी छात्रवृत्तिमा पनि जाने भएकोले परिभाषाभित्र नसमेटिएको तर पढाइ सकेर काम गर्न शुरु गरेको अवस्थामा एनआरएनका रुपमा समेटिने सचिव आचार्यले बताउनुभयो। यसबाहेक ऐनमा भएका अन्य विषयहरुलाई भने नियमावलीमा प्रस्ट पारिने धारणा उहाँको छ।

एनआरएनहरुले राहदानी भएका व्यक्तिलाई नागरिकता अनिवार्य नगर्न अनुरोध गरेपछि सचिव आचार्यले कानुनमा नै नागरिकता चाहिने व्यवस्थाले नागरिकता अनिवार्य भएको उल्लेख गर्दै भन्नुभयो, 'भविष्यमा यसलाई सरलीकरण गर्दै जान सकिन्छ'। उहाँले राहदानी पनि नक्कली आएका कारण नागरिकताको आवश्यकता परेको जनाउँदै दुई महिनाभित्रै नयाँ सुरक्षाको सुदृढ व्यवस्थासहित नयाँ राहदानी ल्याउन लागिएको जानकारी दिनुभयो। नयाँ राहदानीमा पेशा उल्लेख गर्न नपर्ने व्यवस्था गरिएको तथा नेपाल प्रवेश गर्दा विमानस्थलमा एनआरएनहरुले व्यहोर्नुपर्ने झन्झट कम गर्नेतर्फ प्रयास भइरहेको बताउनुभयो।

वैदेशिक रोजगारीका लागि अलग्गै कानुनबाट व्यवस्थित गरिएको उल्लेख गर्दै दोहोरोपन नल्याउन एनआरएनसम्बन्धी कानुनमा वैदेशिक रोजगारीको व्यवस्था नभएको पनि उहाँले जनाउनुभयो।

महान्यायाधिवक्ता यज्ञमूर्ति बन्जाडेले एनआरएनलाई दोहोरो नागरिकता दिन संविधान अवरोध नभए पनि नागरिकता ऐनमा संशोधन गर्नुपर्ने बताउनुभयो। उहाँले अहिलेको कानुनी व्यवस्था अनुरुप विदेशी नागरिकता लिएपछि नेपाली नागरिकता छोड्नुपर्ने व्यवस्था हटाइदिएमा एनआरएनलाई दोहोरो नागरिकता दिन सकिने बताउनुभयो।

अधिवक्ता दिनेश त्रिपाठीले संविधान संशोधन नगरी एनआरएनलाई दोहोरो नागरिकता दिन सकिने दावी गर्नुभयो। उहाँले अन्तरिम संविधान २०६३ को धारा १० मा तोकेबमोजिम नागरिकता दिन सकिने व्यवस्था भएका कारण संविधान संशोधनको आवश्यकता नभएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, 'एनआरएन ऐनमा नै दोहोरो नागरिकताको व्यवस्था थपिदिए हुन्छ।'

कार्यक्रममा सहसंयोजक चिरञ्जीवी ढकालले दोहोरो नागरिकताका साथै नेपाली गैरआवासीय नेपालीहरुको सीप, लगानी र प्रविधि भि□याउन उपयुक्त वातावरण बनाउन आग्रह गर्नुभयो।

यसपटकको सम्मेलनमा दोहोरो नागरिकताको विषय गैरआवासीय नेपालीहरुले प्रमुखताका साथ उठाइरहेको विषय हो। यसअघि उद्घाटन कार्यक्रममा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दोहोरो नागरिकताको विषय कठिन नभएको बताउनुभएको थियो। ♦



## लगानीकालागि आर्थिकसुधार

गैरआवासीय नेपालीको आर्थिक लगानी नेपालमा भि□याउन सरकारले लगानी मैत्री वातावरण बनाउनु पर्ने आवश्यकता सम्मेलनका सहभागीहरुले औंल्याएका छन्। एनआरएन अन्तर्राष्ट्रिय समन्वय परिषदका संयोजक भीम उदासले सम्मेलनमा प्रस्तुत गरेको एनआरएन गतिविधि प्रतिवेदनमाथि छलफल गर्दै उनीहरुले सरकारलाई यस्तो सुझाव दिएका हुन्।

संयोजक उदासले भन्नुभयो, 'सरकारले मूल ढोका खोलेर लगानी गर्ने वातावरण बनाउनु पर्छ।' नेपालको आर्थिक विकासमा ठोस योगदान गर्न एनआरएनहरु तयार रहेको बताउँदै उहाँले सरकारले सुधारका कार्यक्रममार्फत् लगानीको वातावरण बनाउनु पर्नेमा जोड दिनुभयो। ढोका बन्द गरेर एउटा मात्र झ्याल खुला राख्दैमा नेपालमा एनआरएनको लगानी भित्रिन नसक्ने जिकिर उहाँको छ।

असुरक्षा र जोखिमको अवस्थामा पनि एनआरएनले आजसम्म झण्डै २० अर्ब रुपैयाँ लगानी गरेको बताउँदै उहाँले लगानी आकर्षित गर्न सरकारले आर्थिक सुधारका कार्यक्रमहरु लागू गरेमा लगानी वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो। एनआरएनको सङ्ख्यात्मक र गुणात्मक वृद्धि भइरहेको उल्लेख गर्दै उदासले नेपाललाई असफल राष्ट्र हुनबाट बचाउन एनआरएनले योगदान गर्ने बताउनुभयो। सार्क मुलुकबाहेक विभिन्न ५५ मुलुकमा झण्डै २० लाख एनआरएन रहेका छन्। र, यो क्रम बढिरहेको छ।

एनआरएन अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष डा. उपेन्द्र महतोले नेपाललाई संकटको घडीबाट बचाउन एनआरएन सधैं तयार रहेको उल्लेख गर्दै एनआरएनलाई जनताको दूतावासका रुपमा स्थापित गरिने विश्वास दिलाउनुभयो।

नेपालको आर्थिक विकासमा एनआरएनको भूमिकालाई अझ प्रभावकारी बनाउन स्पष्ट नीति, नियम आवश्यक रहेको उल्लेख गर्दै महतोले एनआरएनहरुले मुलुकलाई आर्थिक रुपमा समृद्ध बनाउन योगदान गर्ने धारणा राख्नुभयो। आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै कोषाध्यक्ष प्रकाश पुनले एनआरएन कोषलाई वृद्धि गर्दै लगिने जानकारी गराउनुभयो। ♦

# बृद्धाश्रमलाईसहयोगकोओइरो

तेस्रो विश्व सम्मेलनमा सहभागी हुन काठमाडौं आएका एनआरएनलाई देवघाट आश्रमका स्वामी आत्मानन्द गिरीले पिता-माताको नाममा १५० डलर उपलब्ध गराउन आग्रह गर्नु भएपछि केहीबेर सोल्टी होटलको मेघामल्हार हलमा शून्यता छायो। भावुक शैलीमा विवाहको उपलक्ष्यमा गरिने भव्य पार्टीमा हुने खर्च थोरै कटौती गर्न, विवाह भइसकेको भए आफू र आफ्ना छोराछोरीको जन्मदिनमा गरिने खर्चलाई कटाएर १५० डलर देवघाटस्थित बृद्धाश्रममा बस्ने बृद्धहरुलाई खाने-बस्ने व्यवस्थाका लागि उपलब्ध गराउन गिरीले अनुरोध गर्नुभएको थियो।



**विवाह र जन्मदिनजस्ता उत्सवमा गरिने खर्च कटौती गरी बृद्ध र अशक्तलाई सहयोग गरौ।**

स्वामी गिरीको प्रस्तुतिले एनआरएनलाई पनि बृद्धबृद्धाहरुको लागि सहयोग गर्ने उत्साह जाग्यो। त्यसपछि एकपछि अर्को गर्दै हात उठ्न थाले। 'मेरो तर्फबाट दुई दिनको बृद्धाश्रमको खर्च', 'मेरो तर्फबाट ५ दिनको' 'म १० दिनको लागि चाहिने खर्च व्यहोर्छु' हलमा ५ मिनेटसम्म यस्तै शब्दहरु गुञ्जिरहे। त्यसैबीचमा दुबईबाट आएका दिनेश आचार्यले आफूले १ महिनाको लागि आवश्यक पर्ने रकम दिने घोषणा गर्नुभयो।

गिरीले एक दिनको लागि एकजनाले लाग्ने खर्च व्यहोरेर सहयोग गर्न आग्रह गर्नुभएको थियो। तर एक दिनको सहयोग गर्ने कोही भएनन्। अर्थात्, वर्षभरिका लागि कम्तीमा दुई दिनको सहयोग गर्नेहरु नै बढी भए। अधिकांशले पाँच दिनको खर्च व्यहोर्ने प्रतिवद्धता व्यक्त गरेर आफ्नो नाम टिपाए। एनआरएन रसियाले वर्षमा १५ दिनको लागि आवश्यक पर्ने खर्च दिने प्रतिवद्धता व्यक्त गऱ्यो।

एनआरएनको १ करोड ३६ लाख ५० हजार रुपैयाँको खर्चमा निर्माण भएको देवघाट बृद्धाश्रम शनिबार मात्र उद्घाटन भएको हो। बृद्धाश्रममा बस्नेको लागि बिहान बेलुकीको खाना, औषधि उपचार, आवश्यक कर्मचारीको व्यवस्था गर्नका लागि दैनिक १५० डलर खर्च लाग्ने अनुमान गरिएको छ।

२००३ मा सम्पन्न पहिलो एनआरएन सम्मेलनले देवघाटमा बृद्धाश्रम निर्माण गर्ने निर्णय गरेको थियो। बृद्धाश्रम परियोजना संयोजक जीवा लामिछानेले अहिले हतारमा उद्घाटन गरिए पनि आउँदो मङ्सिरबाट पूर्ण सञ्चालनमा ल्याइने बताउनुभएको छ। बृद्धाश्रम निर्माणको लागि सबैभन्दा बढी डा. उपेन्द्र महतोले २८ हजार १ डलर सहयोग गर्नुभएको छ। बृद्धाश्रमको बारेमा लामिछानेले हालसम्मको प्रगति विवरण पेश गर्नुभएको थियो।

बृद्धाश्रम निर्माण गर्न युरोपबाट १ लाख ५४ हजार ३ सय ५४ डलर र एसिया प्रशान्त क्षेत्रबाट ३२ हजार १ सय २ डलर जुटाइएको थियो। ♦

# Partnership approach sought

Participating non-resident Nepalis (NRN) at their ongoing global conference today sought the need of partnership approach in infrastructure development with the government and private sector.

Though the infrastructure development is primarily in the government's domain, the NRNs and private sector representatives vowed to play a supportive role in the government's endeavours to this regard. The NRNs said they are willing to play a meaningful role in socio-economic development of the country.

Speaking at a plenary on investment opportunities in infrastructure at the ongoing 3rd NRN Global Conference, Gyanendra Bahadur Karki, minister of state for water resources expressed that the government is highly concerned with the issues raised by the NRNs and other potential investors in regard to investment in hydropower.

He assured that the economic agendas and development would be on top priority of the government once the political agendas are settled. "Times has now come to concentrate on implementing the rules and regulations without any delay," Karki said.



Stating that the existing potentials in Nepal are impressive, Sharda Jung Thapa, vice-president NRNA-North America, noted that the NRNs are ready to explore and exploit the opportunities, if there is a sustained effort and consistency in policies.

He stressed the need of pulling NRN talents across the globe and utilise their expertise and capitals for social infrastructure development in the areas of education, health care and community development. "Political stability and consistency in policies are two vital factors that have an empirical relationship with investment," Thapa added.

Thapa also expressed that the government would come up with a concrete plan of action to utilise vast talents of NRNs, which he said the participating representatives would bring to their respective countries to allure more investment and human capitals.

Diwakar Golchha, first vice-president FNCCI, stressed the need of proper utilisation of socio-economic capitals and expertise acquired by the NRNs and their participation in building a 'New Nepal' is essential. He also informed that FNCCI as an apex body of Nepali private sector has been consistently raising voices and working sincerely in making Nepal a lucrative destination for foreign investment.

Pruna Prasad Kadaria, secretary at the ministry of physical planning and works, made a presentation on investment opportunities in various infrastructure projects in water supply and sanitation, urban development and roads. He said that the government is willing to invite private hands in infrastructure projects under BOOT (build, operate, own and transfer) system.

According to him, the mega projects that the government is seriously undertaking include outer ring road and improvement of inner ring road in Kathmandu valley and Kathmandu-Tarai fast track.

Making a presentation on opportunities in hydropower investment, Anup Kumar Upadhaya, joint secretary at the ministry of water resources, highlighted various procedural and administrative aspects of power generation and private sector's investment. He asked the NRNs to consider for forging partnership for hydropower investment in the country.

According to Upadhaya, a total of 148 survey licences and 21 construction licenses have already been issued as of May 2007.

LG Sherpa, NRN coordinator of South Korea, informed that NRN Korea chapter is organising an international workshop on hydropower investment potentials in Nepal next year in Seoul. ♦

# परिवर्तन आफैबाट शुरु गरौं

परमात्मालाई जान्ने सबै ब्राह्मण हुन् । लडाकु वृत्तिका, वीर योद्धा, अगुवाई गर्ने क्षेत्री हुन् । व्यापारधन्दा या कुनै व्यवसायमा संलग्न भई आफ्नो र परिवारको जीविका चलाउने वैश्य हुन् । प्रेम र सेवाभावी अनि नम्र वृत्तिका या यस्ता पाठ सिकाउने शुद्र हुन् ।

ब्राह्मण, क्षेत्रीय, वैश्य, शुद्र मानवका व्यवहारहरु हुन् । यो पद्धति जन्मसिद्ध भएरै ठूलो गलत भो । व्यवहार कहिल्यै जन्मसिद्ध हुन्न । हामी जन्मेर हुर्कंदा पो व्यवहार सिक्छौं त ।

जीवनक्रममा हरएक व्यक्तिले ब्राह्मण, क्षेत्रीय, वैश्य अनि शुद्रका व्यवहारहरु नअपनाए हामी गुणपूर्ण मानव बन्ने छैनौं । प्रभु परमात्माको दृष्टिमा मनुष्य र भक्त सिवाय अन्य विभाजनक शब्द छैनन् ।

हाम्रो देशमा सारा जनताले काँधमा काँध मिलाई उन्नति पथमा लाग्नु पर्छ । को पहाडी, को मधेशी, को शहरिया, को देहाती, को गरिब, को धनी सबै एकतृत हुनु पर्‍यो । अब जातपात प्रायः पद र पैसाले छुट्याउँछ । धनी र ठूला ओहोदामा पुगेका या प्रख्यात जुनै जात अनि जुनै समाजका व्यक्तिलाई मानमनितो हुन्छ । तर गरिब ब्राह्मणलाई जस्तो सीधा लिने सौभाग्य सबैलाई मिल्दैन । संसार यस्तै छ । जरा गाडेको प्रथालाई हटाउन समय लाग्छ । तर यहाँ अमेरिका, बेलायत, भारत, चीन, रुस या अन्य देशका मानिसहरु आएर हाम्रो स्वार्थी प्रथालाई हटाउने छैनन् । हामी आफैले परिवर्तन ल्याउनुपर्छ । नेपालमा रहने हामी सबै एक नेपाली जाति हौं, यहाँ भेदभाव हुनुहुन्न । सबै नेपाली जनताले योग्यताअनुसार उचित मौका पाउनुपर्छ । तर सबैलाई मौका दिनै पर्छ भनेर योग्यता होस्/नहोस्, सम्हाल्न नसक्ने मौका दिएर हुन्न ।

हाम्रो गुनासो, इच्छा, आकांक्षा र उद्देश्यलाई साकार बनाउन आउँदो निर्वाचनमा काम, क्रोध, लोभ र अहंकाररहित, देशभक्त र देशवासी प्रेमी योग्य व्यक्तिलाई चुनौं । देश बनाउने दायित्व हाम्रो हातमा आएको छः यसो गर्न सिकौं, नबिकौं । मतदान दिँदा कसैले डर मान्ने काम छैन । जनताले जनतालाई अनि जनताको निम्ति चुनाव गर्ने तन्त्रको जादू के छ भने मतदान गोप्यरुपमा हुन्छ । ध्रुवतारा टपक्कै टिपेर बगलीमा हामी दिउँला भन्नेहरुको प्रतिज्ञा कहिले पूर्ति हुँदैन- होशियार !

सबै नेपाली विद्यार्थीले असल शिक्षा पाउनु पर्छ । यो जीवनको प्रथम मौका हो । शिक्षाले भविष्य बन्दछ । शिक्षक शिक्षिका वर्गको देश बनाउने क्रममा ठूलो हात छ । यो दाीयत्वलाई भक्तिपूर्वक छुट्याउनु पर्छ । विद्यार्थीहरुले पनि विद्यार्जन गर्ने दायित्व र उद्देश्य बिर्सनु हुन्न । पाठशाला, बन्द गरेर शिक्षा प्राप्त हुन्न । देशवासीलाई मेरो आह्वान छ कि दंगाफसाद, लुटपाट, चोरी, काटमार, अपहरण, तोडफोड र बिनाकारण देश बन्द गरी हाम्रो शान्ति स्वाभाव र परम्परालाई मेट्ने प्रचेष्टा नगरौं । देश बनाऔं, ध्वस्तकारी कर्मबाट बञ्चित रहौं । "मलाई मलाई" मात्र नभनेर "भलाई" गर्न सिकौं । अब खुकुरी र बन्दुकको वीरताको समय सकियो । यसको हेतु काँतर हुनु होइन तर एक नेपालीले अर्को नेपालीको बध गर्नु कायरता हो भने शान्तिको निम्ति अनि देश र देशवासीको जगेर्ना हुन्छ भने काँतर बन्दा पनि हाम्रो जीत हुनेछ ।

अब देश-काल-परिस्थितिअनुसार देशलाई मिल्दोजुल्दो उन्नतशील परिकल्पनाहरु बनाउन थालौं । उन्नति उद्देश्य लिएर देश बनाउनको निम्ति पाखुरा सुर्कौं, कम्मर कसौं । यसले सुनौलो इतिहास बनाउनेछ ।

हामी विश्वासमा छरिएर बसेका गैरआवासीय नेपालीहरु आफ्नो योग्यताअनुसार व्यक्तिगत अनि सामूहिकरुपमा देशोन्नतिको निम्ति तयारी छौं । मिलीजुली देश बनाऔं । साम्प्रदायिक भिन्नता र संस्थागत भई छताछुल्ल नहोऔं ।

प्रेम नभएको परिवारमा गाउँमा छिमेकी छिमेकीमा कटाक्ष हुन्छ । प्रेम नभएको देशमा अनेकता, काटाकाट र मारामार हुन्छ । प्रेम गरे प्रेम पाइन्छ । प्रेम सुर-शक्तिको मार्ग र भक्तिको मार्ग हो ।

**जनककुमार बस्नेत**
*आयल अफ म्यान*
*(संवोधनमा आधारित)*




# एनआरएन : अबको बाटो

## **राम थापा**, *युरोप*



सबैको सहयोग र अथक प्रयासबाट एनआरएन अभियानले एउटा आकार लिएको छ। संसारभरका नेपालीहरु सङ्गठित भएका छन्। यसको संरचना र सञ्जाललाई बलिया बनाउने र संस्थागतरुपमा सुदृढ गराउनु पर्छ। सबै एक ढिक्का भएर अघि बढ्ने चुनौती हाम्रा साम् छ।

विदेशमा बसिरहेका नेपालीबाट यहाँ धेरै आशा गरिएको मैले पाएको छु। विदेशमा भएका नेपालीहरु पनि तपाईंहरु जस्तै हुन्। उनीहरु भौगोलिकरुपमा मात्र तपाईंहरुभन्दा टाढा भएका हुन्। हाम्रो भावना बुझिदिनुस्। हामी फाइदा लिन आएका हैनौं, त्यसैले पराई नठानिदिनुस्।

हामीसँग जे छ, त्यो बाँड्न आएका हौं। सफल हुने कुरामा हात हाल्छौं।

आजको प्रस्तुतिम पनि कुरा उठ्यो- रेल, सडक, पूर्वाधार, जलविद्युत् आदिमा लगानी गर्न आग्रह भएको छ। हामी सकेसम्म नेपालका लागि लाग्ने छौं।

## **भीम उदास**, *लेसोथो*



एनआरएन अभियान ४ वर्षभित्र जुनरुपमा ३८ मुलुकमा विस्तार भएको छ, त्यसबाट म उत्साही छु। एनआरएनका समस्याबारे सरकारसँग छलफल गरेर समाधान गर्न सकिएको छ। यसबाहेक नेपालको विजनेस कम्युनिटीसँग मिलेर काम गर्न सक्ने धेरै सम्भावना बढेको छ। नेपालका लागि केही गर्नु हाम्रो कर्तव्यको रुपमा लिएका छौं। देशमा लगानी पूँजीमा मात्र हैन सीप र ज्ञानमा पनि विकास गर्नुपर्छ। सरकारले पनि यसको हस्तान्तरणलाई महत्व दिएको छ, जुन सकारात्मक छ।

अबको चुनौती भनेको रेमिटेन्स्लाई संस्थागत गर्नु हो। अहिलेसम्म रेमिटेन्स रकमको ठूलो अंश उपभोगमा खर्च भएको छ। हामी चाहन्छौं अब त्यो बचत र लगानीमा परिणत होस्। यसका लागि हामी अध्ययन गर्ने तयारीमा छौं। विशेष गरी 'म्युचल फण्ड'मार्फत् बचत र लगानीलाई व्यवस्थित गर्न चाहन्छौं। हामी सातै राजनीतिक दलहरुसँग छलफल गरेर दीर्घकालीन आर्थिक एजेण्डा तयार गर्न चाहन्छौं। अबका दिनमा आशावादी छौं।



## **श्याम कार्की**, *अमेरिका*

एनआरएन अभियान अझ अगाडि बढ्छ। अगाडि जानुको विकल्प छैन। हामी सङ्गठित भइरहेका छौं। अब यसबाट प्रभाव पार्ने बेला भएको छ। अभियानको बाटो लामो छ। एनआरएन ऐन आएको छ। हामीले सामाजिकरुपमा पहिचान पनि पाएका छौं। यो ठूलो उपलब्धि हो। यसबाट अभियानको ढोका अलिकति मात्र खुलेको छ। अब त्यसबाट बाटो समाएर गन्तव्यमा पुग्नु छ। संसारभरका एनआरएनहरुलाई परिचालन गरेर देशका लागि अघि बढ्नु पर्ने चुनौती छ। नेपालमा बस्ने र विदेशमा बस्ने नेपालीका लक्ष्य एउटै हो। एनआरएनसँग प्रशस्त पैसा छ भन्ने गलत धारणा पनि छ।

तर लगानी गर्न सक्नेहरु र वातावरण खोज्नेहरु पनि छन्। त्यसका लागि नेपालमा बसोबास गर्नेहरुले पनि सहयोग गर्नुपर्छ।

एनआरएनको नयाँ कानुन आएको छ। त्यसले हामीलाई धेरै सहुलियत दिएको छ। उता एनआरएनको सङ्गठन ३८ देशमा विस्तार भएको छ। ती देशका सङ्गठित सबैको पैसा मात्र हैन ज्ञान, सीप र प्रविधि ल्याउन हाम्रो प्रयास केन्द्रित हुनेछ।

नयाँ ऐनले नेपालमा एनआरएन दर्ता गर्न बाटो खोलेको छ। यसलाई अझ मजबूत र व्यवस्थित गर्नुपर्छ। अहिले नेपालमा एनआरएनबारे घर-घरमा थाहा भइसकेको छ। परिचय गर्नुपर्ने अवस्था छैन। त्यसैले अब काम गरेर देखाउने बेला भयो।

यहाँ बस्ने र विदेश बस्ने नेपालीहरुको आशा दोहोरो हो। तपाईंहरुको आशा अनुसार हामी श्रम, सीप, पैसा र बुद्धि लगाएर रोजगारी उपलब्ध गराउन तयार छौं। विदेशमा बसेर तपाईंहरुले गरेका उत्पादन, वस्तु वा सेवा प्रवर्द्धन गर्न तयार छौं।



## **देवमान हिराचन**, *जापान*

हामी मिलेर अघि बढ्नुपर्छ। राष्ट्रबाट 'के लिने हैन, के दिन सक्छु' भनेर सोचौं।

## **विजयकुमार झा**, *अमेरिका*

जननी जन्मभूमिस्च्य: स्वर्गादपि गरियसी' भने झैं हामीलाई पनि देशको मायाले नेपालमा तानेर ल्याएको हो। हामी नेपालमा केही गर्न चाहन्छौं। अहिले गैरआवासीय नेपालीसम्बन्धी ऐन आएको छ। तर आंशिकरुपमा मात्र ठिक छ। यसमा सुधार आवश्यक छ। ऐन आउँदा नियमानुसार भनेर लम्ब्याउनुभन्दा सीधारुपमा मागलाई सम्बोधन गर्नुपर्दछ। हामी पूँजी, प्रविधि र सीप हस्तान्तरणका लागि सधैं तयार छौं।





## **पूजन बस्नेत**, *जापान*

म एनआरएन सम्मेलनमा पहिलोपटक सहभागी भएकी हुँ र उत्साही छु। मलाई यो सम्मेलनमा सबैभन्दा राम्रो लागेको महिलासम्बन्धी सम्मेलन हो। नेपालमा महिलाहरुको सशक्तीकरणका लागि शिक्षा, स्वास्थ्य र समावेशीकरणमा ध्यान दिनुपर्दछ। गैरआवासीय नेपाली महिलाहरुले नेपाली महिलालाई गर्न सक्ने सहयोग भनेको यिनै क्षेत्रहरुमा गरिने सहयोग हो। हामी नेपाल उद्योग वाणिज्य महासंघको महिला सेलसँग मिलेर यिनै क्षेत्रहरुमा सहयोग गर्न सक्छौं।

## **डा. बद्री केसी**, *रुस*



तेस्रो गैरआवासीय नेपाली सम्मेलनको उपलब्धी चाहेकोभन्दा धेरै भयो। हाम्रो मार्गचित्र अनुसार सरकार, राजनीतिक पार्टीहरू सकारात्मक देखिनु उपलब्धीपूर्ण हो। हामी निकै आशावादी छौं। संगठनात्मक ढाँचामा सुधार आवश्यक थियो। तर, यसले क्षणिक समस्या मात्र समाधान गरेको छ। भविष्यमा अझ सुधारको खाँचो छ।